# रौतामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# भुट्टार,उदयपुर
## स्वास्थ्य शाखा

***विद्युतीय माध्यमबाट औषधि तथा सर्जिकल सर सामग्रीहरु खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना***

दोस्रो पटक प्रकाशित मिति :- २०७७/०५/२४

सूचना ठेक्का न. :- ०२-०७७/०७८(स्वास्थ्य)

रौतामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुट्टार,उदयपुरअन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट सेवाग्राहीहरुको लागि आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न तथा नि:शुल्क स्वास्थ्य सेवा दिन आ.ब.२०७७/७८ को लागी आवश्यक पर्ने औषधिहरु तथा सर्जिकल सर सामग्रीहरु शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक ईजाजत प्राप्त फर्म, वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाण पत्र,मुल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र , कर चुक्ताको प्रमाणित प्रतिलिपी औषधी व्यवसायी प्रमाणपत्रहरु निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ । यो सूचना यस कार्यालयको वेव साइट **http://www.rautamaimun.gov.np** मा पनि हेर्न सकिने छ ।

१. शिलबन्दी दरभाउपत्र फारम PPMO को बेब साइट *www.bolpatra.gov.np/egp* मार्फत डाउनलोड गरी मिति २०७७।०६।०८ गते दिनको १२:०० बजे सम्म जम्मा गरी सक्नुपर्ने छ । शिलबन्दी दरभाउ पत्र फाराम खरिद वापत रु १०००।- (अक्षरेपी रु एक हजार मात्र)नगद (फिर्ता नहुने गरी) यस कार्यालयको गाईघाट स्थित रा.बा.बैक मा संचित कोष खाता नम्बर २०९०१००३०४०१०००३ मा दाखिला गरी सो को भौचर PDF Format बनाई बिड डकुमेन्टस Submit गर्ने बखत अपलोड गर्नुपर्ने छ । दाखिला हुन आएका शिलबन्दी दरभाउपत्र सोही दिनको १:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. यदि दरभाउपत्रदाताले धरौटी वापतको रकम नगदै जम्मा गर्न चाहेमा यस कार्यालयको गाईघाट स्थित राष्ट्रिय वाणिज्य बैंक मा धरौटी खाता नं.२०९००३०३००००३ मा दाखिला गरी सो भौचर को PDF Format बनाई वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र (BID BOND) को PDF Format बनाई शिलबन्दी दरभाउपत्र जम्मा गर्ने बखतमा पेश गर्नुपर्ने छ ।

३. खरिद हुने औषधि तथा सर्जिकल सर सामग्रीहरुको म्यादको सम्बन्धमा दरभाउपत्रको Specification मा उल्लेख भए अनुसार हुनु पर्ने छ । Specification मा उल्लेख नभएको औषधिको म्याद उक्त औषधिहरुको Manufacturing Date बाट Expiry Date कम्तीमा १८ महिना बाँकी हुँदा स्टोरमा दाखिला हुनु पर्नेछ । सो भन्दा घटि म्याद भएका औषधि तथा अन्य सामानहरु बुझि लिइने छैन । टुटफुट तथा प्राविधिक समस्या भएका कुनै पनि औषधीहरु समेत बुझि लिइने छैन ।

४.स्वीकृत फर्म,कम्पनीले सम्झौता अगावै आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम राष्ट्रिय वाणिज्य बैंक शाखा गाईघाटमा रहेको धरौटी खाता नं. २०९००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर वा कम्तीमा ९० दिन म्याद भएको मान्यता प्राप्त बैंक बाट यस गा.पा को नाममा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner